मञ्चमा

विजय	: मोहमद नाजीर हुसेन
आमा	: लक्ष्मी बर्देवा
संचालक समिति अध्यक्ष	: सुनिल मगर
व्यवस्थापन समिति अध्यक्ष	: जलन लामिछाने
लामसिंह	: रियर राई
प्रधानाध्यापक	: राजन खतिवडा/मुन्ना सराफ
दूध व्यापारी	: आयान खडका
मानबहादुर	: संयोग गुरागाई
शिक्षिका	: प्रेमवर्षा खडका
चप्रासी	: शक्ति राई
धुर्वे	: माष्कर वली
चम्चा	: प्रकाश दहाल
लाहुरे	: अंकित खडका
मान्जाबाबु	: दिलजंग गुरुङ
बुहारी	: रञ्जना वली
सरकारी कर्मचारी	: इगि होपो कोइँच सुनुवार
नागमतो	: रेनु योगी,

नेपथ्यमा

मञ्च परिकल्पना	: राजन खतिवडा
मञ्च निर्माण	: हुम विसो र आयान खडका
प्रकाश परिकल्पना	: बुद्धि तामाङ
प्रकाश परिचालन	: इगि होपो कोइँच सुनुवार/दिलजंग गुरुङ
ध्वनि संयोजन	: आदित्य कटवाल
ध्वनि परिचालन	: सागर खातो
वषभुषा	: मोहमद नाजिर हुसेन र जलन लामिछाने
बजार व्यबस्थापन	: प्रदिपकुमार चौधरी र बिजय बराल
पोष्टर	: प्रकाश चाद्वाकर र बाल्मिकी पोखरेल
रङ्ग	: सजन थापामगर
कार्यालय व्यवस्थापन	: सपना चौधरी
मञ्च सामग्रो	: शक्ति राई र रियर राई
स्वागत सत्कार	: मिलन कार्की, खुशी ,निशा, संदिप श्रेष्ठ
मञ्च व्यवस्थापक	: मोहमद नाजिर हुसेन
मञ्च सहयोगो	: आयान खडका
लेखन/परिकल्पना तथा निर्देशन	: राजन खतिवडा

हार्दिक आभार:
सुनील पोखरेल, प्रवीण खतिवडा, जिवेश रायमाझी, खगेन्द्र लामिछाने, अनुपम शर्मा, नील डेभिड हेयर सलुन एण्ड एकेडेमी, वर्ल्डलिंक कम्युनिकेशन, द कैलाश जर्नी
सहयोगीहरू:

One World. One Link. WORLDLINK

The kailash journey's TREKKING & TOUR P.LTD

PHOENIX Books



मिति : २०७१ माघ १६ गतेदेखि फाल्गुन १० गतेसम्म (सोमबार बाहेक)
स्थान : मण्डला नाटकघर, अनामनगर (सिंहदरवारको पुर्वि गेटअगाडि)
समय : साँझ ४:३० बजेदेखि
सम्पर्क नं. : ०१४२४९७६१/९८६०७६५१२५

नाटकको बारेमा

माथापञ्चर तराईतिर प्रयोग गरिने बोलिचालीको शब्द हो । यसको अर्थ हुन्छ ...दिमाग खराब । सामान्यतया परिस्थिति गज्जागोल भएपछि त्यसमा संलग्न चरित्रहरूको माथापञ्चर हुन्छ । यो नाटकमा पनि त्यस्तै हुन्छ । अनुदानस्वरूप आएको एउटा परिस्थितिलाई चरित्रहरूका मुठभेडले असहज बनाइदिन्छ, माथापञ्चर त्यहीबाट शुरू हुन्छ । तराई भेगको एउटा गाविसमा घटने घटनाहरूलाई आधार बनाएर नाटकको कथानक तयार गरिएको छ । नाटकका धेरै पात्रहरू अहिले पनि हाम्रै गाउँघरमा भेटन सकिन्छ भने केही काल्पनिक पात्रहरू पनि थपिएका छन ।

नाटक माथापञ्चर विषयगत हिसावले राज्य प्रशासनका स्थानीय निकायहरूमा हुने भ्रष्टाचार र अनियमिततासँग सम्बन्धित छ भने घटनागत हिसावले तराईको एउटा सरकारी स्कुलमा शिक्षक नियुक्तीको प्रक्रियाबारेमा छ । अपारदर्शी प्रक्रिया र नातावाद कृपावादको जालझेलले उत्पन्न गराउने ...बाइप्रोडक्ट नै नाटक माथापञ्चर हो ।

नाटक तराई परिवेश भएकोले यसमा मैथिली, भोजपुरी र नेपाली भाषाको प्रयोग गरिएको छ ।

निर्देशकीय

नाटक लेखन निक्कै असजिलो काम रहेछ । मैले यो पटक लेख्ने आँट गरे र आफैले त्यसको निर्देशकिय जिम्मा लिए । यस नाटकमा मैले संसारको सौन्दर्यलाई आत्मसाथ गर्दै आफुलाई हेर्ने र केहि पस्कने काम गरेको छु ।

यो नाटक मेरो आफनो गाउँ डुमरवानाको परिवेशमा बुनिएको छ । आफूले भोगी आएको परिस्थिति बुन्न सजिलो हुने र त्यसमा आफनो कल्पनाका कुराहरू मिसाउन सान्दर्भिक हुने भएकोले मैले त्यो स्वतन्त्रताको भरपूर उपयोग नाटकमा गरेको छु । यस कथनका चरित्रहरू मैले नजिकबाट साक्षात्कार गरेको छु । कथाका पात्र र पृष्ठभमिलाई सकभर न्याय गर्ने कोसिस गरेको छु । लेखनसँगसँगै कलाकारहरूको आँशुरचनाले नाटको अस्थिपञ्जरमा मांशपिण्ड भरेका छन र नाटक सशरीर उपस्थित भएको छ । यसभन्दा बढी नाटकको बारेमा बाल्नु उचित हुँदैन होला ।

नाटक लेखन र निर्देशनको क्रममा सघाउनुहुने, प्रेरणा दिनुहुने, घचघच्याउनुहुने साथीहरू प्रविण खतिवडा, जिवेश रायमाझी, खगेन्द्र लामिछाने, प्रकाश चादवाकर, अनुपम शमा, प्रदिप कुमार चौधरी, बुद्धिराम तामाङलगायत मण्डला र नाटकका सबै कलाकार साथीहरूप्रति म आभारी रहनेछु । नाटक हेरिसकेपछि प्रतिक्रिया दिन नभुल्नु होला ।

मण्डलावाणी

लामो समयपछि हामी आफनो नयाँ नाटक लिएर आएका छौं । मण्डला थिएटर नेपालको नयाँ प्रस्तुति नाटक माथापञ्चरमा तपाइँहरू सबैलाई स्वागत गर्दछौं । बीचको समय हामीले विभिन्न नाटयसंस्था तथा व्यक्तिहरूसँग सहकार्य गऱ्यौ र वहाँहरूको नाटक मण्डलामार्फत पस्किर्यौं । हाम्रै केही पुराना नाटकहरू दोहोऱ्याएर तेहे-ऱ्याएर पनि प्रदर्शन गऱ्यौं । यसले हामीलाई रंगमञ्चका नयाँ दर्शकहरूसँग जोडन सफल भएको छ भन्ने हामीले सोचेका छौं । मण्डलालाई माया गर्दै आउनभएका हाम्रा पुराना शुभचिन्तक दर्शकहरूसँग मने हाम्रो ढिलाइप्रति गुनासो छ होला । हामी क्षमाप्रार्थी छौं । नयाँ नाटकसँगै आएको हाम्रो उत्साहले तपाइँहरूको गुनासो पखाल्ने कोशिश गर्दैछौं । सदामैं तपाइँहरूको अमुल्य साथ, सहयोग, सद्भाव, सुझाव र असहमतिको अपेक्षा गर्दछा ।

मण्डलाको बारेमा

मण्डला थिएटर नेपाल प्रतिवद्ध युवा रंगकर्मीहरूको जमात हो । इ.सं. २००९ मा स्थापना भएपश्चात यसले नाटक तथा रंगमञ्चको क्षेत्रमा विभिन्न गतिविधिहरू गरिरहेको छ । लामो समयको प्रशिक्षण तथा व्यक्तिगत अनुभवबाट काम गरिरहेका युवा रंगकर्मीहरू मिलेर स्थापना गरिएको यो समुहको उद्देश्य भने रंगमञ्चमा युवा र अग्रज मिलेर ब्यावसायिक रंगमञ्चको बाटोमा अघि बढने हो । स्थापनाकालको छोटो अवधीमा नै यस समुहले एक दर्जन मञ्च नाटक तथा दूईवटा अन्तर्राष्ट्रिय नाटक महोत्सवहरूको आयोजना गरिसकेको छ । त्यसबाहेक पनि कैयौं कचहरी, सडक नाटक तथा प्रयोगात्मक नाटकहरूको मञ्चन मण्डलाले गरिसकेको छ । नेपाली रंगमञ्चमा टडकारो समस्याका रूपमा देखिएको नाटकघरको समस्यालाई थोरै भएतापनि समाधान गर्ने तथा आफना रंगमञ्चीय उत्पादनहरूलाई नियमित प्रस्तुत गर्ने उद्देश्यले मण्डलाले काठमाडौंको अनामनगरमा मण्डला नाटकघरको सञ्चालन गरिरहेको छ । आरोहण गुरूकुलको आयोजना तथा मण्डला थिएटर नेपालको सहआयोजनामा गत मंशीर २०६९मा आयोजित काठमाडौं अन्तर्राष्ट्रिय नाटक महोत्सव २०१२ *को अवसर पारेर उद्घाटित यस नाटकघरमा मण्डलाले आफना प्रस्तुतिहरू र अन्य समुहसंग सहकार्य गरेर नियमित नाटक मञ्चन गरिरहेको छ कलात्मक गतिविधि गर्न चाहने संस्थाहरूलाई समेत उक्त नाटकघर उपलब्ध गराइनेछ ।*

मण्डला थिएटर नेपालले नयाँ प्रशिक्षार्थीको लागि तीन महिने अभिनय प्रशिक्षण कार्यक्रम पनि संचालन गर्दै आइरहेकोछ । थिएटर ल्याबको रूपमा संचालन गरिने प्रशिक्षण कक्षा अर्न्तगत तीन महिनाको तालिमपश्चात प्रशिक्षार्थीहरूलाई न अभिनय गराएर प्रत्येक कक्षाको अन्त्यमा एउटा नाटक तयार गरिन्छ । मण्डलाले यसरी प्रशिक्षार्थीहरूलाई सहभागी गराएर तयार पारेको नाटकहरूमा इब्सन ल्याब(प्रयोगशाला), प्लस टु स्कुल अफ लाइफ र जारः भएकै एउटा कथा पर्दछन । हाल मण्डलामा थिएटर ल्यावको चाथो संस्करण अर्न्तगतको प्रशिक्षण कार्यक्रम